लेखापरीक्षण प्रतिवेदन

बिरुवा गाउँपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बिरुवा गाउँपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/131

श्रीमान् अध्यक्षज्यू,
बिरुवा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
स्याङ्जा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/131

श्रीमान् अध्यक्षज्यू,
बिरुवा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
स्याङ्जा ।

विषयःलेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथाटिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितकोप्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको लेखापरीक्षणबाट रु.१५ लाख ३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.४ लाख १४ हजार फस्यौंट भई नियमित गर्नुपर्ने रु.१० लाख ८८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१ करोड ९५ लाख ४२ हजार मध्ये यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.१ करोड ९३ लाख ६० हजार बाँकी रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा -लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको

कार्यान्वयन, अनुदान वितरण तथाअनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका,अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु								
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने							पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की		
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती										
५२	१२	१५,०२,६३७	०	९	४,१४,३४०	०	५२	३	१०,८८,२९७	०	१०,८८,२९७	०	०	०	१०,८८,२९७	०		

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
स्याङजा	१,९५,४१,६६२	०	१२,६९,६२७	१,८२,७२,०३५	०	१०,८८,२९७	१,९३,६०,३३२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२		बेकरी तालिम	५,४००
२	२०८१/८२		बीमा	३,५५,२२५
३	२०८१/८२		बढी भुक्तानी	४,९१५
४	२०८१/८२		पदाधिकारी अनुगमन भत्ता	२२,१००
५	२०८१/८२		दोहोरो खाजा भत्ता	८,७००

६	२०८१/८२		जेष्ठ बृद्धि कार्यक्रम	१८,०००
			जम्मा	४,१४,३४०
			गत विगतको सम्परीक्षणको विवरण	
७	२०८०/८१		सामाजिक सुरक्षा तर्फ :	८५,७३४
८	२०८०/८१		शिक्षा तर्फ ;	१,२३,२००
९	२०८०/८१		बढी व्ययभार :	२,१४,७१९
१०	२०८०/८१		पार्क निर्माण :	८,४५,९७४
जम्मा				१२,६९,६२७
कुल जम्मा				१६,८३,९६७

बिरुवा गाउँपालिका, स्याङ्जा

(८०४४३५०५३००)

बिरुवा गाउँपालिका , स्याङ्जा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- (क) स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल ९५.७९ वर्ग किलोमिटर तथा जनसंख्या २५ हजार १७९ रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।३ देखि २०८२।५।७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) वित्तिय कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय-व्यय, सम्पत्ति तथा दायित्वको गरी जम्मा रु. १ अर्ब १९ करोड ७८ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,०४,०००।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

क.सं.	विवरण	भौचर नं.	दाखिला मिति	दाखिला भएको कोष	रकम
१	शिक्षातर्फको अनुगमन भत्ता	विभिन्न	२०८२।५।१२	सङ्घीय	३४०००
२	सामाजिक सुरक्षा भत्ता बढी निकासा	८५९४९१२०	२०८२।५।६	सङ्घीय	३६०००
३	कार्यालय समयको बैठक भत्ता	विभिन्न	२०८२।५।६	स्थानीय	३४०००
			जम्मा		१०४०००

२ एकीकृत आय-व्यय

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

	प्राप्ति		भुक्तानी	
क.सं	विवरण	रकम	विवरण	रकम
१	**सुरु मौज्दात**	**५२४२९२२६.२२**	**चालु तर्फ**	**२८२८२५७२६.१८**
१.१	संचित कोष मौज्दात	२९६४८३७५.०७	पालिका तर्फ	८४४८०८९६.२६
१.२	धरौटी मौज्दात	१०२६२३३२.००	संघीय शसर्त अनुदान	१९८३४४८२९.९२
१.३	कार्यसंचालन कोष	१२५१८५१९.१५	संघीय विशेष	०.००
१.४	अन्य कोष	०.००	प्रदेश विशेष	०.००
२	**यस वर्षको आय**	**८१८३५५४.९०**	**पूर्जीगत तर्फ**	**१३३४३५०५७.००**
२.१	आन्तरिक आय	६३८०८९८.९५	पालिका तर्फ	९६१४०६५२.००
२.२	स्थानीय राजस्व बाडफाड	१८०२६५५.९५	संघीय शसर्त अनुदान	४९९३४०४.००
३	**वित्तीय हस्तान्तरण (संघ)**	**४०३२६५८३६.९३**	संघीय विशेष	१७८५१८१०.००
३.१	१३३११ समानिकरण अनुदान	७९१८८८८०.००	प्रदेश विशेष	२८५५९९७.००
३.२	१३३१२ शसर्त अनुदान चालु	२२२७४७४००.००	संघ समपुरक	५६८७०५३.००
३.३	१३३१३ शसर्त अनुदान पुंजीगत	६००००००.००	प्रदेश समपुरक	५९०६१४१.००
३.४	१३३१४ विषेश अनुदान चालु	०.००	**अन्तर सरकारी अख्तियारी संघ**	**१४५२४३४२३.६८**
३.५	१३३१५ विषेश अनुदान पुंजीगत	१९२९३०३१.००	सामाजिक सुरक्षा	१४५२४१४२३.६८
३.६	१३३१७ समपुरक अनुदान पुंजीगत	५७४६०६५.००	विद्यालय शिक्षा क्षेत्र योजना	१२०००.००
३.७	राजस्व बाडफाड	७०३२०४६०.९३	अन्तर सरकारी अख्तियारी प्रदेश	१९२७८६०.००
३.८	अन्य	०.००	नवप्रवर्तन साझेदारी कार्यक्रम (मुख्यमन्त्री कार्यालय)	१९२७८६०.००
३.९	रोयल्टी	०.००		०.००
४	**वित्तीय हस्तान्तरण (प्रदेश)**	**२४३४३४८१.९८**	धरौटी सदरस्याहा तथा फिर्ता	६४१३२९५.००
४.१	१३३११ समानिकरण अनुदान	१०६६९०८९००.००	कार्यसंचालन कोष बाट भएको खर्च	६६६४०२५.८८
४.२	विशेष अनुदान पूर्जीगत	३००००००.००	अन्य कोषबाट भएको खर्च	०.००
४.३	१३३१७ समपुरक अनुदान पुंजीगत	६५३१७००.००	**अनुदान फिर्ता**	**२७६२२५६१.०८**
४.४	राजस्व बाडफाड	४१४२७८१.९८	**संघ तर्फ**	**२६८५२९९९.०८**
५	**अन्तर सरकारी अख्तियारी संघ**	**१४५२४३४२३.६८**	शसर्त अनुदान	२६६४९९८४.०८
५.१	सामाजिक सुरक्षा	१४५२४१४२३.६८	विशेष अनुदान	१४४००३.००
५.२	विद्यालय शिक्षा क्षेत्र योजना	१२०००.००	समपुरक अनुदान	५९०१२.००
६	**अन्तर सरकारी अख्तियारी प्रदेश**	**१९२७८६०.००**	**प्रदेश तर्फ**	**७६९५६२.००**
६.१	नवप्रवर्तन साझेदारी कार्यक्रम (मुख्यमन्त्री कार्यालय)	१९२७८६०.००	शसर्त अनुदान	०.००
७	**धरौटी आय**	**३९७२५७६.००**	विशेष अनुदान	१४४००३.००
८	**कार्यसंचालन कोषको आय**	**६७४४३२९.२८**	समपुरक अनुदान	६२५५५९.००
			अन्तिम मौज्दात	**४१९७८३४०.१७**
			संचित कोषको मौज्दात	२१५३१५०४.०२
			धरौटी	७८२१६१३.००
			कार्यसंचालन कोष	१२६२५२२३.१५
	जम्मा	**६४६११०२८८.९९**	**जम्मा**	**६४६११०२८८.९९**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ वित्तीय प्रतिवेदन

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४,५२,४१,४२३।६८, विद्यालय शिक्षा क्षेत्र योजनाको रु.१२,०००।- र नवप्रवर्तन साझेदारी कार्यक्रमको (मुख्यमन्त्री) रु.१९,२७,८६०।- समेत गरी रु.१४,७१,८१,२८३।६८ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.१७,४७,९३,८४४।७६ र यस वर्षको भुक्तानी रु. १७,४७,९३,८४४।७६ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	५२४२९२२६.२२	४१८८८७२१८.०१	४२९३३८१०४.०६	४१९७८३४०.००
एकीकृत आर्थिक विवरणअनुसार	५२४२९२२६.२२	५९३६८१०६२.८०	६०४१३१९४८.८२	४१९७८३४०.००
फरक	०.००	१७४७९३८४४.७६	१७४७९३८४४.७६	०.००

३.४ **कार्य सञ्चालन तथा अन्य कोष** - नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचालन गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापन र विविध खर्च खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.१ करोड २३ लाख ८० हजार सहित रु.१ करोड ४८ लाख ७९ हजार आय र रु.२३ लाख ९१ हजार खर्च गरी रु.१ करोड २४ लाख ८८ हजार मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च हुँदा खर्चमा दोहोरापना आउन सक्ने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेक यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

					रु. हजारमा
कोषको नाम	**कोष गठन भएको कानुन**	**सुरु मौज्दात**	**यो वर्ष थप**	**यो वर्षको खर्च**	**बाँकी**
विपद् व्यवस्थापन कोष	विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि	३४३२	०	२३९१	१०४१
कर्मचारी कल्याणकारी कोष	प्रदेश कानुन बमोजिम	८५००	२०००	०	१०५००
मर्मत सम्भार कोष	मर्मत सम्भार कोष कार्यविधि बमोजिम	४४८	४९९	०	९४७
	जम्मा	**१२३८०**	**२४९९**	**२३९१**	**१२४८८**

३.५ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५,२१,६२,४२०।- मौज्दात रहेकोमा यो वर्ष रु.५,२४,२९,२२६।२२ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,६६,८०६।२२ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

४ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष राजस्व बाँडफाँटबाट कर्मचारी अवकास कोषमा रु.२० लाख ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। यसरी कानुनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गरेको नियमसम्मत मान्न सकिएन। अतः अवकास कोष सञ्चालन कार्यविधि निर्माण गरी रकम परिचालन तथा उपयोग गर्नुपर्दछ।

५ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस पालिकाको कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको र उक्त शाखामा आन्तरिक लेखापरीक्षकको पदूर्ति नभएकोले यस वर्षको अन्तर सरकारी अख्तियारी बाहेक अन्य आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

बजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,

- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको।

भ्रमण खर्च व्यवस्थापनतर्फ

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको।

खरिद व्यवस्थापनतर्फ

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको।

विविधतर्फ

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको,
- निजी स्वामित्वमा रहेको जगामा सामुदायिक भवन, पार्किङ स्थल, निर्माण/स्तरोन्नतिको कार्य भए नभएको अभिलेख नराखेको।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक त्रैमासिकरुपमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरू सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७ बजेट पेस, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु.४९ करोड ४६ लाख ४७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८२।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ८२.५५ प्रतिशत मात्रै खर्च भएको अवस्था छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.सं.	मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
१	आर्थिक विकास	१८१०३०००	१४८२७३६१	३.५६
२	सामाजिक विकास क्षेत्र	२६५०५८०००	२३०९३७९८७	५५.४८
३	पूर्वाधार विकास क्षेत्र	९४४०००००	८०३३९०२८	१९.३०
४	वातावरण तथा विपद् व्यवस्थापन	१७०५००००	१२७९५४३६	३.०७
५	संस्थागत विकास र सेवा प्रवाह	१४५३४०००	१०४२२८४३	२.५०
६	कार्य सञ्चालन तथा प्रशासनिक खर्च	८५५०२०००	६६९३८१२८	१६.०८
	जम्मा	**४९४६४७०००**	**४१६२६०७८३**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.४८ प्रतिशत र संस्थागत विकास र सेवा प्रवाहमा सबैभन्दा घटी २.५० प्रतिशत रहेको छ।

९ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु. हजारमा)				
		प्रथम	दोस्रो	तेस्रो	चौथो	आषाढ महिना
बिरुवा गा पा	१३३४३५	५६४४	१९५३०	४७६२३	६०६३६	३०३७६
प्रतिशत	१००.००	४.२३	१४.६४	३५.६९	४५.४४	२२.७६

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३ करोड ३४ लाख ३५ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.५६ लाख ४४ हजार (४.२६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ९५ लाख ३० हजार (१४.६४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४ करोड ७६ लाख २३ हजार (३५.६९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.६ करोड ६ लाख ३६ हजार (४५.४४ प्रतिशत) खर्च

गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.३ करोड ३ लाख ७६ हजार (२२.७६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१० **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.६३,८०,८९८।९५, राजस्व बाँडफाँट र अनुदानबाट रु.४२,९४,११,९७४।२३ समेत रु.४३,५७,९२,८७३।१८ आम्दानी (गतको अल्या बाहेक) भएकोमा चालु तर्फ रु.२८,२८,२५,७२६।१८ र पुँजीगततर्फ रु.१३,३४,३५,०५७।- समेत रु.४१,६२,६०,७८३।१८ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५४ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.९६,९३,०८९।- खर्च भएको छ जुन आन्तरिक आयको ६५.८९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.८९ प्रतिशत चालु र ३०.६२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

११ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार वडागत र पालिकास्तरका कुल ३२४ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	११७	१८	४७	५२
२	वडास्तरीय	२०७	०	६	२०१
	जम्मा	३२४	१८	५३	२५३

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३०९ योजनामात्र कार्यान्वयन भई १५ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१२ **खरिद गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३ करोड ३४ लाख ३५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

१४ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २५ कर्मचारीको रु. १ करोड ४१ लाख २४ हजार र पालिकाका चालुतर्फ ३१ कर्मचारीको रु १ करोड ९४ लाख ७५ हजार गरी रु. ३ करोड ३५ लाख ९९ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३१ जनाको पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सातौ/आठौ लेखा, अधिकृत सातौ/आठौ प्रशासन, आन्तरिक लेखा परीक्षक सहित १४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्ने हुदाँ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१६ **जेष्ठ बृद्धि कार्यक्रम**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१७ **खर्चको प्रकृति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले प्रतिफल अधिकतम नहुने र सो खर्च नगर्दा समेत कार्यसञ्चालनमा बाधाँ नपर्ने योजना तथा कार्यक्रममा कार्यविधि बेगर वितरणमुखी खर्च गरेको देखिन्छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । आन्तरिक आम्दानी समेत न्युन रहेको र कालान्तरमा यस्ता खर्चले पालिकालाई कार्यसञ्चालनमा समेत थप दायित्व सृजना गर्ने हुनाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।यस्ता किसिमका विरणमुखि खर्चका केही उदाहरणहरु यस प्रकार छनः

गोभौ नं मिति	विवरण	भुक्तानी पाउने	रकम
५३ २०८१।७।१३	तिज दर खाने कार्यक्रम वडा नं २	जगदिश गैह्रे	७५०००
५४ २०८१।७।१३	तिज दर खाने कार्यक्रम वडा नं ७	रन बहादुर गुरुङ	४००००
६२ २०८१।७।१३	तिज दर खाने कार्यक्रम वडा नं ६	सुन्तलि श्रीस	४००००
७१ २०८१।७।२८	तिज दर खाने कार्यक्रम वडा नं ८	रन बहादुर गुरुङ	४००००
७२ २०८१।७।२८	तिज दर खाने कार्यक्रम पालिका	कृष्ण प्रसाद अर्याल र सन्तोष सप्लायर्स	४००००
८८ २०८१।८।५	तिज दर खाने कार्यक्रम वडा नं ३	जगदिश गैह्रे	४००००
९२ २०८१।८।५	तिज दर खाने कार्यक्रम वडा नं १	सुन्तलि श्रीस	४०००
९८ २०८१।८।१३	तिज दर खाने कार्यक्रम वडा नं ४	श्रीराम वाग्ले	४००००
११५ २०८१।८।१८	तिज दर खाने कार्यक्रम वडा नं २	जगदिश गैह्रे	३५०००
५९ २०८१।७।१३	तेस्रो राष्ट्रिय एक्टिभ म्युजिक अवार्ड प्रायोजन	एक्टिभ म्युजिक प्रा लि	१००००
८७ २०८१।८।४	दशैपुजा (वोका खरिद)	इलाका प्रहरी कार्यालय चिसापानी	१२१००
३०६ २०८१।१२।२०	सहयोग	नेपाल मगर संघ विरुवा	२००००
२८४ २०८१।१२।८	सास्कृतिक महोत्सव सहायता	नेपाल मगर संघ	३००००
२८१ २०८१।१२।१६	जनजाति ड्रेस वितरण	जगदिश गैह्रे	९९९५९
३४१ २०८१।१।२२	जनजाति ड्रेस वितरण	सुन्तलि श्रीस	९९२९३
३९८ २०८२।२।२१	खेलकुद सहयोग	मदन भण्डारी स्पोर्ट ऐकेडेमि	४००००
४०४ २०८२।२।२६	सहयोग	राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान नेपाल	२००००
४३६ २०८२।३।५	जनजाति ड्रेस वितरण	रन बहादुर गुरुङ	१०००००
४३५ २०८२।३।५	जनजाति ड्रेस वितरण	राजु कुमार गुरुङ	९९४७०
४८४ २०८२।३।१७	जनजाति ड्रेस वितरण	वडा नं ८	१०००००
५१८ २०८२।३।२०	जनजाति ड्रेस वितरण	नविन कुमार सुनार	९५२८१
		जम्मा	१०८०१०३

१८ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १३ संघसंस्था र व्यक्तिहरुलाई रु.१,४४,०००।- आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.६३,८०,८९८।९५ को २.२६ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

१९ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध

हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२० **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

२१ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली 2064 को नियम 3 अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गर्नुपर्ने व्यवस्था छ। विभिन्न ३ सफ्टवेयरहरुमा गत वर्षसम्म रु.२५,२०,०००।- भुक्तानी गरेकोमा यो वर्ष मर्मत सम्भार खर्च वापत रु.२,४८,०००।- भुक्तानी गरेको छ। उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्शदाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

क्र.सं	कार्यक्रमको नाम	खरिद गरेको बर्ष	सफ्टवेयर खरिद खर्च	यो बर्षको बार्षिक मर्मत सभार खर्च	हाल सम्मको मर्मत सभार खर्च
१	डिजिटल भिलेज प्रोफाईल	२०७९।८०	१८०००००	१५९०००	१५९०००
२	डिजिटल नागरिक वडापत्र	२०७६।७७	४२००००	४२०००	२१००००
३	राजश्व संकलन प्रणाली	२०७५।७६	३०००००	४७०००	२८२०००
		जम्मा	२५२००००	२४८०००	६५१०००

२२ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ। यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छः

विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
पञ्जिकरणतर्फ		
जन्मदर्ता	४४७	४४७
मृत्युदर्ता	२१४	२१४
बसाईसराई दर्ता	९०	९०
विवाह दर्ता	२७४	२७४
सम्बन्धविच्छेद दर्ता	७०	७०
पूर्वाधार विकास सडक निर्माण		
कालोपत्रे सडक निर्माण	११	११
कालोपत्रे सडक मर्मत	३	३
ग्राभेल सडक निर्माण	१५	१५
ग्राभेल सडक मर्मत	२०	२०

२३ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३८०५२९२२०	८१८३५५५	२.१५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.१५ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२४ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२५०००००	१९२४७७५	७६.९९
व्यवसाय कर	५३५०००	३६४८५०	६८.१९

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२५ **कानुन तथा सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस पालिकाले

हालसम्म ३९ वटा ऐन, ५ वटा नियमावली, ३७ कार्यविधि, ४ निर्देशिका र २ नर्म्स लगायत ८७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

२६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको १२ विवाद दर्ता भएकोमा १२ वटै मुद्दा फस्र्यौट भई फस्र्यौट गर्न बाँकी नरहेको विवरण पेस भएको छ।

२७ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२८ **पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न निर्माण व्यवसायीलाई दिएको मोविलाइजेसन पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.१८,००,०००।- बाँकी रहेको देखिन्छ। उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्दछ।

क्र.सं.	कार्य विवरण	पेस्की लिनेको नाम	पेस्की रकम
१	३ नं. वडा कार्यालय भवन निर्माण	होराईजन विल्डर्स	९०००००
२	३ नं. वडा कार्यालय भवन निर्माण	होराईजन विल्डर्स	९०००००
		जम्मा	१८०००००

२९ **दहतर बहतर**

जिल्ला विपद व्यवस्थापन समितिको निर्णय अनुसार दोभानघाट क्षेत्रबाट कार्यालय आफैले डोजर लगाएर नदीजन्य पदार्थ संकलन गरेको जनाएको छ । स्थलगत अवलोकनका क्रममा नदी किनारमा नदीजन्य पदार्थ संकलन गरी राखेको पाईएकाले नियमानुसार सो को प्रयोग हुनुपर्दछ ।

३० **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद गर्दा सोझै खरिद गरी रु.११६१७१९।०० खर्च लेखेको छ । पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्दछ ।

सिन	भौचर,न. मिति	परामर्शदाताको नाम	विवरण	बार्षिक भुक्तानी
१	१९।२०८१।८।२	ग्रीन हेराल्ड ईन्भारोन्मेन्टल एण्ड ई. क. प्रा लि	ज्यादी खोलाको IEE	२४७४७०
२	३७४।२०८२।३।२०	एच एन एम ईन्जिनियरिङ्ग एण्ड कन्सलटेन्सी प्रा लि	अर्चले गाबु आर्केकोट सडकको अध्ययन	४४८६८९
३	३७६।२०८२।३।२०	अल्फविटा ईन्जिनियरिङ्ग प्रा लि	सिर्खदेवल पार्क निर्माण	४६५५६०
		जम्मा		**११६१७१९**

३१ **चार पाग्रे गाडी** (८८-2082-05-29):

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७३ उपदफा ३ मा स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्ने सम्वन्धी सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने र उपदफा ७ मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गइ बजेट खर्च गर्न नपाउने उल्लेख रहेको छ । पालिकाको गाउँ सभाको १५औं अधिवेसनबाट चार पाङ्ग्रे सवारी साधन खरिद गर्नको लागि रु.६००००००।०० बजेट विनियोजन गरेकोमा पालिकाले १ थान स्कार्पिया गाडी खरिद गरी रु.७४४९५००।०० खर्च लेखेकोले विनियोजित बजेट भन्दा रु.१४४९५००।०० बढी खर्च भएकोमा १६ औ गाउँसभाबाट उक्त शिर्षकमा रकमान्तर मार्फत बजेट थप गरेको छ । यसरी स्वीकृत बजेट भन्दा बढी खर्च गर्दा अन्य योजना तथा कार्यक्रममा असर पुग्ने र बजेट अनुशासनको पालना नहुने हुँदा वास्तविकतामा आधारित रही बजेट विनियोजन गर्नुपर्दछ ।

३२ **अनुगमन भत्ता** (२७७-2082-05-29):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम सरकारी रकम खर्च गर्दा मितव्ययि तवरले खर्च गर्नुपर्दछ । बिरुवा गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसन्चालन कार्यविधि,२०७९ को दफा ११ को उपदफा ३ मा अनुगमन तथा सुपरिवेक्षण कार्यमा संलग्न रहने समितिका पदाधिकारीको भत्ता तथा अन्य सुविधा सम्वन्धि व्यवस्था प्रचलित प्रदेश कानूनको अधिनमा रहि कार्यपालिकाले तोकेबमोजिम हुन व्यवस्था छ ।गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ मा योजनाहरु अनुगमन बापत दैनिक कति भत्ता पाउने कुनै कानूनी आधार नभएता पनि रु १०००।०० का दरले यस वर्ष योजना अनुगमनमा रु १ लाख ७१ हजार खर्च गरिएको देखिन्छ । मापदण्डमा भएको ब्यवस्था प्रतिकुल हुनेगरि भुक्तानी नगर्नु पर्नेमा सोवापत यसरी गरिएको योजना अनुगमन भत्ता वापतको भुक्तानी रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,४५,३५०

३३ **पुँजीगत शीर्षकबाट चालु प्रकृतिको खर्च**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट भित्र तोकिएको कार्यक्रम तथा खर्च शिर्षकको परिधीभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिम चालु प्रकृतिका खर्चहरु बापत रु.८३८३९७।०० भुक्तानी गरेकोमा यस्तो प्रकारको खर्च चालु शिर्षकबाट गर्नुपर्नेमा पूजिगत शिर्षकबाट खर्च भुक्तानी भएकोले नियमसम्मत नभएको रु

सि.न	**भौ.न. मिति**	**विवरण**	**रकम**
१	४०३।२०८२।३।२२	शैक्षिक गुरुयोजना निर्माण	२३९२०५
२	३६९।२०८२।३।१९	रुम टु रिडसँग साक्षरता साझेदारी कार्यक्रम	५९९१९२
		जम्मा	**८३८३९७**

अनियमित भएको	८,३८,३९७

३४ **बढी भुक्तानी** (३२७-2082-01-15):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४,९१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३५ **टुक्रा पारि खरिद**

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने¸ नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले खरिद योजना तथा एकै प्रकृतिको सामग्रीको प्याकेज नबनाई पटक-पटक गरी खरिद गरेको देखिन्छ। यसबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ । पालिकाले एकै प्रकृतिका सामग्रीहरुको प्याकेज तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा त्यस्तो नगरेकाले प्रतिष्पर्धा सीमित हुने गरि सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ भनी विगत वर्षदेखि महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएको भएतापनि अझै सुधार भएको छैन सुझावको कार्यान्वियन गर्नुपर्दछ ।केही उदाहरणहरुः

गो भौ मिति	विवरण	आपुर्तिकर्ता	भुक्तानी रकम
३० २०८१।७।६	स्टेशनरी खरिद	अस्मिता ट्रेड कन्सर्न	३९८८५६
३६ २०८१।७।७	स्टेशनरी खरिद	अधिकारी कम्प्युटर्स एण्ड एड्भरटाईजिङ	२२०५६४
३६५ २०८२।२।२	स्टेशनरी खरिद	अस्मिता ट्रेड कन्सर्न	९९५९८
५१३ २०८१।३।२०	स्टेशनरी खरिद	बालाजि स्टेसनरी सप्लायर्स	९९५५३
५११ २०८२।३।२०	स्टेशनरी खरिद	अस्मिता ट्रेड कन्सर्न	४१२६५३
५४३ २०८२।३।२२	स्टेशनरी खरिद	शिव शक्ति प्रिन्टर्स सर्भिस	९७६८५
३२ २०८१।७।६	योजना किताव छपाई	अधिकारी कम्प्युटर्स एण्ड एड्भरटाईजिङ	२११८७५
३६१ २०८२।१।३१	छपाई	अधिकारी कम्प्युटर्स एण्ड एड्भरटाईजिङ	४८९५६१
४५१ २०८२।३।११	डायरी छपाई	आदर्श अफसेट प्रिन्टर्स	१३८२००
४७२ २०८२।३।१६	स्मारिका छपाई वडा २	दि मोर्डन अफसेट प्रेस	९७१८०
४२ २०८१।७।९	कम्प्युटर जन्य सामाग्रि	लेखा कम्प्युटर्स एण्ड गुड्स सप्लायर्स	९९८९२
३३ २०८१।७।६	कम्प्युटर जन्य सामाग्रि	भोलेबाबा इन्टरप्राइजेज	९७८२५
४० २०८१।७।९	कम्प्युटर जन्य सामाग्रि	भोलेबाबा इन्टरप्राइजेज	९९४४०
१०६ २०८१।८।१४	कम्प्युटर जन्य सामाग्रि	भैरब ट्रेड एण्ड सप्लायर्स	९९५५३
		जम्मा	२६६२४३५

३६ **अन्य निकायको खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्थानिय संस्थालाई भवन निर्माण बापत रकम उपलब्ध गराउदा भवन निर्माण हुने जग्गा उक्त संस्थाको नाममा एकिन गरी मात्र उपलब्ध गराउनु पर्नेमा जग्गाको हकभोग एकिननै नगरी खर्च गरेको देखिदा स्थानिय संचित कोषमा थपभार पर्न गएको र भविष्यमा निजी प्रयोग समेत हुन सक्ने भएकाले यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ। केही उदाहरण देहाय अनुसार छन ।

सि. नं	भौचर न. मिति	कार्यालयको नाम	विवरण	भुक्तानी
१	५९।८१।९।८	सामाज कल्याण आमा समूह	भवन निर्माण	२८९३८७
२	४१८।०८२।३।२३	पुष्पलाल स्मृति	भवन निर्माण	१८०००००
		जम्मा		२०८९३८७

३७ भुक्तानी बाँकीको दायित्व

आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (१३), (१४) र (१५) मा भुक्तानी दिन बाकी रहेको दायित्व रकमको लेखाङ्कन र प्रमाणिकरण सम्वन्धमा उल्लेख रहेको छ । कार्यालयले आ.व. २०८०/८१ मा बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानिय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । कार्यालयले पेश गरेको बिबरण अनुसार आ.व. २०८०/८१ मा कार्य गरी भुक्तानी बाकी रहेको रु.१३८२३३।०० भौचर नम्वर ४ मिति २०८१।६।२२ बाट भुक्तानी गरेको प्राप्त बिबरणबाट देखिन्छ । यस स्थानिय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जु गर्दा र स्वीकृत गर्दा गराउदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ बिश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्नेमा कार्यालयले ध्यान दिनुपर्दछ ।

३८ मर्मत सम्भार कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको बैठकले मर्मत संभार बिशेष कोष सन्चालन कार्यविधि, २०७९ स्वीकृत गरेको छ।कार्यालयले उपलब्ध गराएको विवरण अनुसार बर्षको अन्त्यमा रु.९४८००८।०० बाकी मौज्दात रहेको छ।उक्त कोषमा जम्मा भएको रकम कार्यविधि अनुसार खर्च गर्ने तिर पालिकाले ध्यान दिनुपर्दछ ।

३९ **बेकरी तालिम** (३९१ -2082-02-14):

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४० शिक्षक तथा विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । यस पालिका अन्तर्गत ३२ वटा विद्यालयमा २३४ जना शिक्षक दरबन्दी भएकोमा २३४ जना पदपूर्ति भएको र पदपूर्तिमध्ये १७५ जना स्थायी र ५९ जना अस्थायी/राहत शिक्षक रहेको देखिन्छ ।

क्र.सं	**विद्यालय**	**शिक्षक दरबन्दी**	**पदपूर्ति**		**विद्यार्थी संख्या**
			स्थायी	**अस्थायी/राहत**	
१	३२ विद्यालय	२३४	१७५	५९	१९५१

उपर्युक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विद्यार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ९ जना विद्यार्थीहरूलाई पठन पाठन गराउनु पर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गीकरणमा स्याङ्जा जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनुपर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा ९ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नुपर्दछ।

४१ **न्यून विद्यार्थी संख्या**

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । साथै नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ। यस पालिका मातहतमा कुल ३२ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा उक्त विद्यालयहरुलाई यस पालिकाबाट जम्मा रु.१५,६२,८८,७४९।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरणअनुसार निम्नानुसार १९ विद्यालयमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको बेहोरा देखिन आयो।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	विद्यार्थी सङ्ख्या	पदपूर्ति		यो वर्षको कुल निकासा रकम
				स्थायी	अस्थायी/करार/राहत	
१	श्रीनवज्योति मा.वि.,बिरुवा-०१	१९	२१४	१७	२	१७०४२३७६
२	श्रीजनजागृति आ.वि.,बिरुवा-०१	४	४१	३	१	२७२१६३०
३	श्रीविद्याविकास आ.वि,बिरुवा-०१	१	७	१		१०२५९०८
४	श्रीजामुनेडाँडा मा.वि,बिरुवा-०२	१४	९२	८	६	८५५१३८७
५	श्री श्यामपोखरी आ.वि,बिरुवा-०२	२	१०	१	१	१५२५९५७
६	श्रीलाकुरी डाँडा आ.वि,बिरुवा-०२	१	४	१	०	११०१९१०
७	श्रीआदिकवि जित आ.वि,बिरुवा-०२	२	१७	२	०	१६१३४१६
८	श्रीअरनिको मा.वि,बिरुवा-०३	१५	७१	११	४	१०१८३५१२
९	श्री वराहजनश्रम मा.वि,बिरुवा-०३	११	८०	६	५	६७१२१७३
१०	श्रीसिद्धमण्डली आ.वि,बिरुवा-०३	७	२४	४	३	४०५०१७५
११	श्रीधोवादी भञ्ज्याङ आ.वि,बिरुवा-०३	३	२१	३	०	२०५४०७६
१२	श्री दिव्यप्रकाश मा.वि,बिरुवा-०४	१९	१०३	१४	५	१२५८१५५६
१३	श्रीभविष्य निर्माण मा.वि,बिरुवा-०४	१६	२०४	११	५	९६४५३०९
१४	श्री खुदीआ.वि,बिरुवा-०४	६	४३	५	१	३७५५२१४
१५	श्रीजनप्रिय पिपल भञ्ज्याङ आ.वि,बिरुवा -०४	४	२५	३	१	२६६३९९९
१६	श्री चण्डीआ.वि,बिरुवा-०४	२	१२	१	१	१४७२०६५
१७	श्रीनवज्योति आ.वि,बिरुवा-४	२	१२	१	१	१४८७६४३
१८	श्रीकिचनास आ.वि,बिरुवा-०५	१०	९६	६	४	५७८७१३०
१९	श्रीदेववाणी आ.वि,बिरुवा-०५	७	३९	७		४२१५४५५
२०	श्रीजनप्रिय मा.वि,बिरुवा-०६	२१	१८९	१६	५	११६०७३१३
२१	श्रीजनजागृति आ.वि,बिरुवा-०६	५	३६	४	१	३९०९००२
२२	श्रीजनबालकल्याण आ.वि,बिरुवा-०६	७	४५	६	१	४४७०३४१
२३	श्रीमहेन्द्र आ.वि,बिरुवा-०६	३	१५	३		२०७५१४२
२४	श्रीलोकप्रिय आ.वि,बिरुवा-०६	३	८	३		२०६०७३४
२५	श्रीजीवनज्योति मा.वि,बिरुवा-०७	१६	२०५	१२	४	१००१९२९८
२६	श्रीजनजागृति आ.वि.,बिरुवा-०७	६	५२	६		४२४४१९८
२७	श्रीप्रभात आ.वि,बिरुवा-०७	५	४७	४	१	३४११९५०
२८	श्रीदिपेन्द्रोदय आ.वि,बिरुवा-०७	३	३०	२	१	१९८९३६०
२९	श्री भुरुङचौकीमा.वि,बिरुवा-०८	१३	१५०	८	५	९३९२२७७

३०	श्रीपानधारा आ.वि,बिरुवा-०८	३	१७	३		२०५९५७०
३१	श्रीचैतन्य भवानी आ.वि,बिरुवा-०८	२	२७	१	१	१४२३४३८
३२	श्रीमनकामना आ.वि,बिरुवा-०८	२	१५	२		१४३६०३५
	जम्मा	२३४	१९५१	१७५	५९	१५६२८८७४९

४२ दिवा खाजा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने, दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गरी उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समूहबाट खरिद गर्ने र स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण, बिल भरपाई सुरक्षित राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसिमितिबाट अनुमोदन गरी विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था छ। पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ३२ वटा सामुदायिक विद्यालयको खातामा (पालिकाको थप रू.१० समेत) रु.३७,९४,८९०।- निकासा गरेको छ। विद्यालयलाई दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन। पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वियनको प्रगति तथा तोकिएबमोजिमको मार्गदर्शन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

४३ निःशुल्क शिक्षा

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकासदेखि बाह्र कक्षासम्मका कुल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसयदेखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत कुल २ संस्थागत विद्यालय सञ्चालनमा रहेको विवरण प्राप्त भएको छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

४४ दिवा खाजा थप

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा १ देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ। पालिकाले प्रारम्भिक बालविकास कक्षा १ देखि कक्षा ५ सम्म अध्यनरत विद्यार्थीहरुको लागि पालिकाको बजेटमा व्यवस्था गरी प्रति विद्यार्थी रू.१०।– का दरले रु.१५,१९,८४६।– थप दिवा खाजा अनुदान निकासा गरेको छ। पालिकाले यसप्रकारको अनुदान सहयोग आन्तरिक स्रोतलाई थप मजबुत बनाएर मात्र उपलव्ध गराउनुपर्दछ।

४५ सेनेटरी प्याड खरिद

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग

भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि कोटेशन मार्फत १६७ मिति २०८२।३।२० मा एस.एल. इन्टरप्राइजेजबाट ८९४० प्याकेट निशुल्क सेनिटरी प्याड खरिद गरी रु.६,५६,६४३।- भुक्तानी गरेको छ। आर्थिक वर्षको अन्त्यमा विद्यालयहरुलाई ८०६० थान प्याडहरू हस्तान्तरण गरी ८८० थान पालिकामा मौज्दात बाँकी रहेको विवरण पेस भएको छ। आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो। पालिकाले अनुदान मार्फत वितरण गरेको सेनिटरी प्याड विद्यालयहरुमा आम्दानी बाँधेको प्रमाण, वास्तविक लाभग्राही (कक्षा ६-१२ सम्मका छात्राहरु) ले पाए नपाएको सम्बन्धमा अनुगमन तथा विद्यालयले लाभग्राही विद्यार्थीलाई वितरण गरेको भरपाइ पेस हुन आएन। कार्यान्वयन पुस्तिकाअनुसार प्रभावकारी अनुगमन गरी सेनेटरी प्याडको समुचित उपयोग हुने व्यवस्था गर्नुपर्दछ।

४६ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष एक बिक्रेताबाट बोलपत्रको विधिबाट रू.४,८६,९६०।- र ३ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट रु.१६,९१,७७१।- समेत जनस्वास्थ्य सम्बन्धी औषधि, सर्जिकल र उपकरण तथा औजार खरिदमा जम्मा रू.२१,७८,७३१।- भुक्तानी गरेको विवरण प्राप्त भएको छ। यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्:

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधि एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,
- औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरूको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४७ **विपन्न नागरिकलाई औषधी उपचार**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया बारेमा उल्लेख छ। सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ।नेपाल सरकारले यस्ता कार्यको लागि बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरिब जस्ता लक्षित वर्गलाई निःशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत यो वर्ष यस पालिका अन्तर्गतका ४५ जनाको लागि रु.४५,००,०००।– सिफारिस गरेको देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम खुल्ने विवरण सम्वन्धित अस्पतालबाट प्राप्त गरी लक्षित वर्गले उक्त अनुदान वा सहायता पाए नपाएको बारेमा अनुगमन र विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

क्र. सं.	अस्पतालः नाम ठेगाना	उपचारको किसिम	व्यक्ती संख्या	रकम रु हजारमा
१	वि.पि.कोईराला मेमोरियल क्यान्सर हस्पिटल/ त्रि.वि. शिक्षण अस्पताल गणडकी मेडिकल कलेज	क्यान्सर	२८	२८००००
२	त्रि.वि. शिक्षण अस्पताल/ पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान/ मणिपाल शिक्षण अस्पताल	मृगौला	९	९०००००
३	शहिद गंगालाल	मुटु	६	६०००००
४	त्रि.वि. शिक्षण अस्पताल/मणिपाल शिक्षण अस्पताल	स्पाइनल इन्जुरी	१	१०००००
५	त्रि.वि. शिक्षण अस्पताल	ब्रेन ट्युमर	१	१०००००
		जम्मा	४५	४५०००००

४८ **पदाधिकारी अनुगमन भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **अनुगमन भत्ता**

अर्थ मन्त्रालयबाट जारी कार्य सन्चालन निर्देशिका, २०८१ नवौ संशोधन र गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ मा तालिम, कार्यक्रम तथा गोष्ठीमा अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको छैन। पालिकाले १३ जना कर्मचारीलाई विभिन्न तालिम तथा कार्यक्रममा अनुगमन गरेको भनी रु.१,०००।- का दरले रु.१,०४,५५०।- भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत तयार गरेको पाइएन। निर्देशिका अनुसार तालिम तथा कार्यक्रमहरूमा अनुगमन भत्ता दिने मिल्ने देखिँदैन। यसरी निर्देशिका विपरीत अनुगमन भत्ता लिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,०४,५५०

५० **कृषि, पशु अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट कृषि तथा पशुतर्फ ३०२८ जना कृषक तथा कृषक समूहको लागि रु.५५ लाख ३४ हजार खर्च भएको विवरण पेस भएको छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

क्र.सं.	अनुदानको किसिम	गाउँपालिका अनुदान	विवरण	लाभान्वित संख्या	रकम रु. हजारमा
१	बीउबिजनमा अनुदान (तरकारी, मकै र धानको बीउमा ५० प्रतिशत अनुदान)	५० प्रतिशत	सिजन अनुसारका तरकारी, मकै र धानको उन्नत र हाईब्रिड बीउ	२०५०	३९१
२	कृषि यन्त्रीकरणमा अनुदान	५० प्रतिशत	मिनिटिलर	५९	११२१
		५० प्रतिशत	कम्बाईन मिल	८	१०४
		५० प्रतिशत	ब्रस कटर	१	२०
		५० प्रतिशत	डिजिटल तराजु	२	१६
३	फलफूल बगैंचा व्यवस्थापन अनुदान	५० प्रतिशत	निलोतुथो पेष्ट	५०	१००
४	उत्पादनमा आधारित अनुदान	१०० प्रतिशत	कार्यविधि अनुसार विभिन्न बाली उत्पादनमा अनुदान	७४	७४४
५	तरकारी खेती प्रवर्द्धन कार्यक्रममा अनुदान	५० प्रतिशत	कृषि उत्पादन सामग्रीहरु जस्तै प्लाष्टिक मल्चिंग, स्प्रेयर, हजारी, गार्डेन पाइप, प्लास्टिक टनेल, हिलटेक आदि सामग्रीहरु	२४	५००
६	भकारो सुधार कार्यक्रम	५० प्रतिशत	भकारो सुधार	२७	१८९
७	आलु बीउ वितरण (वडा नं. १, ७ र ८) ५०% अनुदान	५० प्रतिशत	आलु बिउ वितरण	६२०	४५०
८	मौरी घार वितरण (५० प्रतिशत अनुदान)	५० प्रतिशत	मौरी घार वितरण	८३	४००
९	बाख्रा पकेट कार्यक्रममा अनुदान	कार्यविधि अनुसार	बाख्राको सुधारिको खोर निर्माण, नश्ल सुधार, आदि	३०	१४९९
	जम्मा			**३०२८**	**५५३४**

५१ **बीमा**

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१५५,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५२ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष १२१ जनालाई औसत ३८ दिनले ४५३५ दिन रोजगारी उपलव्ध गराई रु.३०,८३,८००।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५३ **मेड्पा कार्यक्रम**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष अगरबत्ती बनाउने, साबुन, सरफ बनाउने लगायतका तालिम सञ्चालन गरी रु.६,२४,०३६।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन। सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ।

५४ **दोहोरो खाजा भत्ता**

५४.१ (१५९-2082-03-18):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५५ **मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम**

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत यस पालिकाबाट प्रस्तावित विद्युतीय सुशासन प्रणाली विकास कार्यक्रम छनौट भई २०८१।६।२ मा कार्यक्रम कार्यान्वयनका लागि यस पालिका र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबिच पालिकाले रु.२१,००,०००। र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रु.८०,७५,०००। व्यहोर्ने गरी रु.१,०१,७५,०००। मा सम्झौता भएकोमा रु.२४,२४,९८०। खर्च भएको छ ।मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ मा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले नवप्रवर्तनका सम्भाव्य क्षेत्रहरुमा प्रस्ताव पेश गर्ने उल्लेख छ । कार्यविधिको दफा ९(छ) मा कार्यक्रमको उदेश्य अनुरुप रकम उपयोग गर्नुपर्ने र दफा २७ मा सम्झौता बमोजिम परियोजना सञ्चालन नगर्ने स्थानीय तहलाई अनुदान रोक्का गरी प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अघि बढाइने उल्लेख छ । यस पालिका र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबिच भएको सम्झौतामा उपकरण खर्च तर्फ रु.४८,०५,०००। , तालिम खर्च रु.८,५०,०००। , परामर्श खर्च (५ वटा सफ्टवेयर खरिद) रु.४४,७०,०००। र अनुगमन खर्च तर्फ रु.५०,०००। गरी रु.१,०१,७५,०००। मा सम्झौता

भएकोमा ल्यापटप, प्रिन्टर लगायतका उपकरण खरिद गरी रु.२४,२४,९८०। खर्च भएको छ । सम्झौतामा उल्लिखित एकिकृत कृषि तथा पशु उत्पादन व्यवस्थापन तथा बजारिकरण प्रणाली, एकिकृत विद्यालय व्यवस्थापन प्रणाली, एकिकृत सूचना पोर्टल तथा मोबाईल एप, डिजिटल नागरिक बडापत्र तथा सूचना पाटि सिस्टम सफट्वेयर र विद्युतीय राजश्व भुक्तानी प्रणाली सफटवेयर खरिद गरी सो को अभिमुखिकरण र अनुगमन गर्ने कार्य कार्यान्वियन भएको छैन । कार्यालय आफैले प्रस्ताव गरेको कार्यक्रम सम्झौता बमोजिम कार्यान्वियन हुन नसक्दा रु.७७,५०,०२०। बजेट निष्क्रिय भएको र रु.२४,२४,९८०। खर्च भएकोमा कार्यक्रमको अपेक्षित उदेश्य हासिल भएको नहुँदा आगामी दिनमा कार्यान्वियनयोग्य परियोजनाका लागि मात्र बजेट प्रस्ताव गरी परियोजनाको उदेश्य हासिल हुने गरी कार्यक्रम कार्यान्वियन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

५६ **वडा कार्यालय भवन**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई खरिद सम्झौता बमोजिम पेश्की दिन सकिने, दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । वडा नम्बर तीनको कार्यालय भवन निर्माणको लागि मिति २०८१।०८।१९ मा होराईजन बिल्डर्ससँग २०८२ मंसिर २० मा कार्य सम्पन्न गर्नुपर्ने गरी रु.९०००८५५१। मा सम्झौता गरेको छ । उक्त निर्माण व्यवसायीसँग भएको सम्झौतामा सम्झौता रकमको ३० प्रतिशत कार्य पूरा भए पछि प्रत्येक बिलबाट ४० प्रतिशतका दरले पेश्की कट्टी गर्नुपर्ने व्यवस्था छ । निजलाई सम्झौता पश्चात रु.१८,००,०००। पेश्की उपलब्ध गराएकोमा लेखापरीक्षण अवधि (८ महिना) सम्म पनि ३० प्रतिशत कार्य नभएकाले बिल पेश गरेको पाईएन । दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराएको नपाईएकाले सम्झौता अनुसार कार्यतालिका बमोजिम कार्य भए नभएको अनुगमन गरी पेश्की रकमको सदुपयोगका सम्बन्धमा कार्यालयले सुनिश्चित गर्नुपर्दछ ।

५७ **ल्याब टेस्ट**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक कागजात पेश गर्नुपर्ने व्यवस्था छ । ललाङ तर्ले कुसुमभन्ज्याङ सडक स्तरोन्नति कार्यका लागि ०८१।०८।१९ मा सरिता निर्माण सेवासँग रु.१६,२५,८१२। मा सम्झौता भई अन्तिम बिल अनुसार रु.१५,५८,५५७। बजेट खर्च लेखिएको छ । उक्त निर्माण व्यवसायीसँग भएको सम्झौताको बिल अफ क्वान्टिटीमा ल्याब टेस्ट बापत रु.१०,०००। रहेकोमा निर्माण व्यवसायीले ल्याब टेस्ट गरेको पाईएन । सम्झौता बमोजिम ल्याब टेस्ट नगर्दा निर्मित संरचनाको गुणस्तरका सम्बन्धमा यकिन गर्न सक्ने अवस्था रहँदैन । निर्माण व्यवसायीलाई ल्याब टेस्ट पश्चात स्वीकृत स्पेशिफिकेशन बमोजिम काम भएको यकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

५८ **कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सम्पन्न भएको निर्माण कार्यको विवरण, निर्माण कार्य सम्पन्न भएको मिति, सम्पन्न निर्माण कार्य स्वीकृत भएको मिति समेत उल्लेख गरी सोको प्रतिवेदन तयार गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । साथै नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्य स्वीकार प्रतिवेदन तयार नगरी अन्तिम बिलका आधारमा भुक्तानी गर्ने गरेको छ । नियममा भएको व्यवस्था बमोजिम कार्य स्वीकार प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

५९ **प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा १०(५) मा योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्यमा बाहेक दुई करोड रुपैयाँसम्मको लागत अनुमानभन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता निर्धारण नगरिने

उल्लेख छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम २६ मा सार्वजनिक निकायले दुई करोड रुपैयाँभन्दा माथिको निर्माण कार्य सम्बन्धी खरिद कारबाहीमा भाग लिने बोलपत्रदाताको वा पूर्वयोग्यताको प्रस्तावदाताको योग्यताको आधार निर्धारण गर्दा विचार गर्नुपर्ने कुराहरु उल्लेख गरेको छ । साथै उपनियम २६(२ग) मा योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको,प्रतिस्पर्धा सीमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ ।भुवन चिन्नेवास राम्की थुम्की सडक स्तरोन्नति तथा मर्मत कार्यको लागि लागत अनुमान रु.१,४५,२६,५७३। (मु.अ.कर र पि.एस.समेत) रहेकोमा सबैभन्दा घटीवाला एस आर एस मल्लको छुट पश्चात कबोल अंक रु.९९,८०,६९७। रहकोमा निजले बोलपत्रको सूचना एवं कागजातमा उल्लेख भए बमोजिम प्लम कंक्रिटको कार्य गरेको योग्यतासम्बन्धी कागजात पेश नगरेको आधारमा निजको बोलपत्र अस्वीकृत गरी आर सि कन्स्ट्रक्शनको रु.१,०५,२४,३६०। को कबोल अंक स्वीकृत गरी सम्झौता गरेकाले बढी व्ययभार परेको छ । प्रतिस्पर्धा संकुचन नहुने गरी मितव्ययी तवरले सार्वजनिक खरिद गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बिरुवा गाउँपालिका, स्याङ्जा , बिरुवा गाउँपालिका , स्याङ्जा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	भेषराज आचार्य	२०८१-०५-०१	हाल सम्म कार्यरत
लेखा प्रमुख	शंकर चापागाई	२०८१-०४-०१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४१,११५	१,०८८,२९७	३७३,२२५	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१,५०२,६३७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४१४,३४०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१,०८८,२९७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५२४२९२२६.२२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३२९४५३७६	चालु खर्च	२८२८२५७२६.१८
प्रदेश सरकारबाट अनुदान	२०२००७००	पूँजीगत खर्च	१३३४३५०५७
राजश्व बाँडफाँट	७४४६३२४२.९१	वित्तीय/अन्य व्यवस्था	१८७८७११६५.६४
आन्तरिक आय	८१८३५५४.९		
अन्य आय	१५७८८८१८८.९६		
कुल आय	५९३६८१०६२.७७	कुल खर्च	६०४१३१९४८.८२
बाँकी मौज्दात		४१९७८३४०.१७	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति						
११०००	कर	७८३६२३१०.०७	०	७८३६२३१०.०७	७१००२६१४.३३	०	७१००२६१४.३३
१३०००	अनुदान	३२५४९७११४.९२	०	३२५४९७११४.९२	३१०७९१९०४.९६	०	३१०७९१९०४.९६
१४०००	अन्य राजस्व	४२६९४८७.१४	०	४२६९४८७.१४	२९७७७०९.९४	०	२९७७७०९.९४
१५०००	विविध प्राप्ति	१५,०००.००	०	१५,०००.००	३९७०९६.	०	३९७०९६.
क	**कुल जम्मा प्राप्ति**	४०८१४३९१२.१३		४०८१४३९१२.१३	३८५१६९३२५.२३		३८५१६९३२५.२३
३	चालु	२८२८२५७२६.१८	०	२८२८२५७२६.१८	२८५६८७०८०.९९	०	२८५६८७०८०.९९
२१०००	पारिश्रमिक / सुविधा	२१६३१७७२२.१८	०	२१६३१७७२२.१८	२०८४४४१९१.१६	०	२०८४४४१९१.१६
२२०००	मालसामान तथा सेवाको उपयोग	५२०८२५१०.	०	५२०८२५१०.	५१०७३८७२.३	०	५१०७३८७२.३
२५०००	सहायता (Subsidy)	९४०६३९९.	०	९४०६३९९.	११५९१७८९.	०	११५९१७८९.
२६०००	अनुदान	०	०	०	१०२५४६८०.	०	१०२५४६८०.
२७०००	सामाजिक सुरक्षा	३५७७८९५.	०	३५७७८९५.	२९८१६३०.५३	०	२९८१६३०.५३
२८०००	अन्य खर्च	१४४१२००.	०	१४४१२००.	१३४०९१८.	०	१३४०९१८.
४	पूंजीगत	१३३४३५०५७.	०	१३३४३५०५७.	१२००९०८८४.	०	१२००९०८८४.
३१११०	भवन तथा संरचना	१४२९३९८३.	०	१४२९३९८३.	२७७३७४९०.	०	२७७३७४९०.
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	११८६४८६१.	०	११८६४८६१.	३१०१७८९.	०	३१०१७८९.
३११३०	अन्य पूँजीगत खर्च	१८१९३६३.	०	१८१९३६३.	३९०६६३२.	०	३९०६६३२.
३११५०	सार्वजनिक निर्माण	१०२५०५९७३.	०	१०२५०५९७३.	८४५२७६५३.	०	८४५२७६५३.
३११६०	निर्मितसरचनाको सुधार खर्च	१५०६४२३.	०	१५०६४२३.	६२६५९९.	०	६२६५९९.
३११७०	पूँजीगत सुधार खर्च	१४४४४५४.	०	१४४४४५४.	०	०	०
३१२२०	मौज्दात सामानहरु	०	०	०	१९०७२१.	०	१९०७२१.
ख)	**कुल जम्मा भुक्तानी**	४१६२६०७८३.१८		४१६२६०७८३.१८	४०५७७७९६४.९९		४०५७७७९६४.९९
ग)	**बचत /कमी (ग = क-ख)**	-८११६८७१.०५		-८११६८७१.०५	-२०६०८६३९.७६		-२०६०८६३९.७६
घ)	**धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	-२३३४०१५.		-२३३४०१५.	६९२८७५०.		६९२८७५०.

घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी						
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-१०४५०८८६.०५		-१०४५०८८६.०५	-१३६७९८८९.७६		-१३६७९८८९.७६
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	५२४२९२२६.२२		५२४२९२२६.२२	६६१०९११५.९८		६६१०९११५.९८
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन						
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	४१९७८३४०.१७		४१९७८३४०.१७	५२४२९२२६.२२		५२४२९२२६.२२

सुझाव

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ